# विद्यार्थी गुणस्तर सर्कल कार्यविधि

**Standard Operating Procedure for Student Quality Circle**

**(SQC)**

**कपिलवस्तु बहुमुखी क्याम्पस**

## १) परिचय

विद्यार्थी गुण सर्कलहरू (Student Quality Circle), शैक्षिक संस्था भित्र विद्यार्थीहरु विच सामूहिक शिक्षा दिने शिक्षा पद्धति लाई नया ढंगबाट परिदृश्य वा विकास गर्ने एक साधन हो । विद्यार्थी गुण सर्कल भनेको एक समूह हो जुन सामुहिक रुपमा कार्य गर्दछन् र साझा कार्यमा दिमाग लगाउदछन् र कार्यान्वयनको दिशामा रणनीतिहरू विकास गर्दछ। शिक्षाविद् हरु ले विद्यार्थी गुणस्तर सर्कलहरू अवधारणा दुई दशक भन्दा बढी समयदेखि शुरु भएको र कक्षा कोठामा उत्कृष्टताका लागि समृद्ध गर्ने उपकरणहरूको रूपमा यस लाई लिएका छन् ।

विद्यार्थीहरुको सानो समूह, स्वेच्छाले प्राय हप्ताको एक घण्टा नियमित तवरमा नियमित रूपमा भेट्ने गर्दछ, प्राय उनीहरूको आफनै सुपरवाइजरको नेतृत्वमा, छलफल गर्न, केही पहिचान गर्न, विश्लेषण गर्न, र समाधानको उपाय खोज्न विद्यार्थीहरुको भेला निर्देशित हुन्छ । तिनीहरूको चासोको विषय समस्याहरू को समाधानको उपायको खोजी तथा प्रस्तुतीकरण र सम्भव भए समाधानका उपायहरु कार्यान्वयन गर्ने तर्फ उन्मुख हुन्छ ।

## २) विद्यार्थी गुणस्तर सर्कलको उपादायेता

गुणस्तरको सर्कलले विद्यार्थीहरूलाई उनीहरूको आफ्नो अनुभव, ज्ञान, सिप हरुको विकाश गर्दै,रचनात्मकता प्रयोग गर्नका लागि अवसर प्रदान गर्दछ तिनीहरूका गतिविधिहरूमा सुधार ल्याउन । तिनीहरू चुनौतीपूर्ण समस्याहरूलाई अवसरमा रूपान्तरण गर्न सक्षम हुनेछन् र उनीहरू आफैले समस्या समाधानको रणनिति तय गर्ने छन् । विद्यार्थीहरू विद्यार्थी गुणस्तर सर्कल विषयगत क्षमता अभिबृद्धि गर्न र सो विषय छनौट गर्न स्वतन्त्र हुन्छन् । सर्कलमा छलफलका लागि अत्यन्त उपयुक्त हुने केही विशिष्ट विषयहरू जस्तै : शैक्षिक अवस्था र शैक्षिक

अवस्थाको सुधार, विद्यालयको सुधार र विद्यालयको सुधार प्रक्रिया र विद्यालयको सुधार् प्रकियाको कार्यान्वयन प्रकिया  आदि ।

सर्कल सिक्ने, बुझ्ने र रूपान्तरण वरिपरि घुम्छ। प्रत्येक विद्यार्थीको समान दृष्टिकोण नहुन सक्छ तर सबै विद्यार्थीहरुको सोच तथा विचार लाई सम्मान गरिने छ ।

**३) विद्यार्थी विद्यार्थी गुणस्तर सर्कल निम्न कार्यमा सहभागी हुदैन  :**

- राजनैतिक पक्ष विपक्षमा
- विनाशकारी कार्यमा
- झैझगडा र अमर्यादित, अनैतिक तथा प्रचलित नियम विपरित कार्यमा

**४) विद्यार्थी गुणस्तर सर्कलको लक्ष्य तथा उदेश्य**

**लक्ष्य**

शैक्षिक गुणस्तर अभिबृद्धि गर्न विद्यार्थीहरुको योगदान लाई सुनिश्चित गर्ने ।

**उदेश्य**

- शैक्षिक गुणस्तर अभिबृद्धि गर्न आइ परेका समस्याहरु समाधान गर्न विद्यार्थी गुणस्तर सर्कलले समाधानको उपाय तथा कार्यन्वयनमा शैक्षिक प्रशासनलाई सहयोग गर्ने,
- विद्यार्थीहरु विच ज्ञान,सिप तथा व्यवहार परिवर्तन गर्न विद्यार्थीहरु विच ज्ञान र सिप आदान प्रदान गर्ने अवसरको सिर्जना गर्ने,
- विद्यार्थीहरुमा उत्प्रेरणा जगाउने, सकारात्मक सोचको विकाश तथा अध्ययन सिपको विकाश गर्ने,

- व्यक्तित्व विकाश, समुहमा कार्य गर्ने क्षमता, सिर्जनात्मक सोच र नेतृत्व क्षमता हरुको विकाश गर्ने ,
- विद्यार्थीहरुलाई अध्ययनकाल देखि नै गुणस्तरको अवधारणा संग परिचित गराउने,
- तनाव व्यवस्थापन, अन्तर व्यक्ति सम्बन्ध तथा पेशागत क्षमता अभिबृद्धि गराउने,
- क्याम्पस प्रशासन संग मिलेर विद्यार्थीहरुको समग्र पेशागत तथा शैक्षिक क्षमता अभिबृद्धि गर्ने शैक्षिक क्रियाकलाप संचालन गर्ने ।

**५) विद्यार्थी गुणस्तर सर्कलको संरचना**

**क) विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फ**

प्रत्येक संकायको वर्ष वा सेमेष्टर लाई गुणस्तर सर्कलको प्लेटमर्फ मानिने छ । जस्तै : वि.वि.एस प्रथम वर्ष । त्यसरी नै सबै संकायको प्रत्येक तह वा सेमेष्टर गुणस्तर सर्कलको प्लेटमर्फ हुने छ । यसरी नै संकाय तथा सेमेष्टर अनुसार गुणस्तर प्लेटमर्फको संख्या निर्धारण हुनेछ ।

**ख) विद्यार्थी गुणस्तर सर्कल संयोजक तथा उपसंयोजक**


सबै विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फ ले बैठक बसी स्वन्तत्र रुपमा १ जना संयोजक तथा १ जना उपसंयोजक छनौट गर्ने छन् ।

**ग) विद्यार्थी गुणस्तर सर्कल सहजकर्ता र सहसहजकर्ता**

सबै संयोजक तथा उपसंयोजक बाट १ जना  विद्यार्थी गुणस्तर सर्कल सहजकर्ता र  १ जना सहसहजकर्ता बैठकबाट छनौट गरिने छ । सो सहजकर्ता तथा सहजकर्ताले शैक्षिक प्रशासन तथा सर्म्पुण विद्यार्थी गुणस्तर सर्कल संयोजक तथा उपसंयोजक विच समन्वय गर्ने छ ।

### ध) विद्यार्थी गुणस्तर सर्कल सुपरिवेक्षक

क्याम्पस प्रमुखले विद्यार्थी गुणस्तर सर्कल लाई परिचालन तथा व्यवस्थापनमा सहयोग गर्न प्राध्यापक मध्येबाट १ जना विद्यार्थी गुणस्तर सर्कल सुपरिवेक्षक मनोनयन गर्ने छ ।




*विद्यार्थी गुणस्तर सर्कलको संरचना*

### ६) विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फको भेटघाट तथा छलफलको समय तथा मिति

विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फको भेटधाट तथा छलफलको समय तथा मिति विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फले आफै निर्धारण गर्ने छ । सम्भव भए सम्म हप्ताको एक दिन एक घण्टा कम्तीमा १ महिनामा एक पटक भेटधाट तथा छलफल गर्नु पर्ने छ । सो भेटधाट तथा छलफलको लागि तथा भेटधाट तथा छलफलमा संयोजक तथा उप संयोजक ले समन्वय तथा व्यवस्थापन गर्नु पर्ने छ ।

### ७) संयोजक तथा उप संयोजकहरुको भेटधाट तथा छलफल को मिति तथा समय

विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फको भेटधाट तथा छलफल पछि तुरुन्त संयोजक तथा उप संयोजकहरुको भेटधाट तथा छलफल मिति तथा समय तय गरिनु पर्ने छ । सो भेटधाट तथा

छलफलको लागि तथा भेटधाट तथा छलफलमा सहजकर्ता तथा सह सहजकर्ता ले समन्वय तथा व्यवस्थापन गर्नु पर्ने छ ।

**८) सहजकर्ता तथा सह सहजकर्ता तथा शैक्षिक प्रशासन संग छलफल**

संयोजक तथा उप संयोजकहरुको भेटधाट तथा छलफल पछि आवश्यकता अनुसार तथा विद्यार्थी गुणस्तर सर्कलका सदस्यहरु ले उठान गरेको विषय वस्तु अनुसार सहजकर्ता तथा सह सहजकर्ता ले शैक्षिक प्रशासन संग छलफल गर्नु पर्ने छ ।

**९) विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फका छलफलका विषयहरु :**

- क्याम्पसको समस्या समाधान तथा समाधानको उपायहरु
- शैक्षिक गुणस्तर सुधारमा विद्यार्थीहरुको भुमिका
- ज्ञान तथा सिप हस्तान्तरण जस्तै विद्यार्थीहरु आफैले व्यक्तिगत विवरण (Curriculum Vitiate) कसरी तयार गर्ने, व्यापारिक योजना (Business Plan) कसरी तयार गर्ने, अनुसन्धान प्रविधिको प्रयोग जस्तै : Kobo Tool, Epi-info, SPSS, ZOOM), अनुसन्ध प्रस्तुतीकरण तरिका, तनाव व्यवस्थापन, परामर्श विधि आदि जस्त विषयमा विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फका छाटो प्रस्तुतीकरण र छलफल गर्न सकिन्छ ।
- समय सापेक्ष, विद्यार्थीहरुको आवश्यकता अनुसार विद्यार्थी गुणस्तर सर्कल प्लेटमर्फका सदस्यहरु ले छलफलका विषयहरु छनौट गर्ने छन् ।